# थुलुङ दुधकोशी राजपत्र

**थुलुङ दुधकोशी गाउँपालिकाद्वारा प्रकाशित**


## भाग-२

**सूचना २०**

## थुलुङ दुधकोशी गाउँपालिकाको
## बालमैत्री स्थानीय शासन तथा बाल संरक्षण कार्यविधि, २०७९

प्रमाणिकरण मितिः २०७९।०३।११

**प्रस्तावनाः** वालवालिकाको सुरक्षा सरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान पालना, सम्मान परिपूर्ति एवं स्थानीय तह निर्माण गरी वालवालिकाको हित सर्वोतम कायम गर्न बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, नेपालको संविधान, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, बालअधिकार सम्बन्धी विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन एन् २००४ से परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वान्छनिय भएकोले नेपालको संविधानको भाग १८ धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सन्चालन ऐनको परिच्छेद १५ को दफा १०२ ले दिएको अधिकार गरी यो कार्यविधि बनाई लागू गरीएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम बालमैत्री स्थानीय शासन तथा बाल संरक्षण कार्यविधि, २०७९ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२) **परिभाषाः** विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनु पर्छ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्छ ।

ग) "कार्यविथि" भन्नाले थुलुङ दुधकोशी गाउँपालिका द्धारा जारी गरिएको बालमैत्री स्थानीय शासन तथा बालसंरक्षण कार्यविधि २०७९ पर्छ ।

घ) 'बालवालिका' भन्नाने नेपाल कानून अनुसार १६ वर्ष उमेर पुरा नगरेका र अन्तर्राष्ट्रिय कानून अनुसार १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

ङ) "बालबालिका डेक्स" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाले वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।

च) "सम्पर्क व्यक्ति (Focal Person)" भन्नाले थुलुङ दुधकोशी गाउँपालिका ले बडा कार्यलयमा स्थापना गरिएको बालवालिका डेक्मामा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्कनु पर्छ।

छ) "बाल सरक्षण समिति" भन्नाले बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि गठन गरिएका वडास्तरीय विद्यालयस्तरीय समितिहरुलाई सम्झनु पर्दछ ।

ज) "बालमैत्री स्थानीय शासन भन्नाले" बालमैत्री स्थानीय शासन बालअधिकारका चार आयामहरुलाई स्थानीय नीति, संरचना, पद्धती र कार्यप्रकृयामा मूलप्रवाहीकरण भर्ने भन्ने बुझ्नुपर्दछ ।

झ) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ ।

ञ) 'बाल क्लब' भन्नाले विद्यालय तथा समुदायस्तरमा वालवालिकाको सहभागितामा गठन भएका थुलुङ दुधकोशी गाउँपालिकामा सूचीकृत भई संचालनमा रहेका थाल समूहहरुलाई सम्फनु पर्दछ ।

ट) "संरक्षक तथा संरक्षक शिक्षक" भन्नाने बालक्लबलाई नियमितरुपमा संचालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ ।

ठ) "प्रधान संरक्षक" भन्नाले विद्यालयमा गठन भएका बालक्लव तथा संरक्षक शिक्षकलाई नियमितरुपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

ड) "बाल क्लब सन्जाल" भन्नाने थुलुङ दुधकोशी गाउँपालिकामा तथा वडास्तरमा गठन भएका बालक्लवहरुको सन्जाललाई सम्झनु पर्दछ ।

ढ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ।

ण) "बालविकास केन्द्र" भन्नाले वडाका समुदायस्तरमा स्थापना भएका बालविकास केन्द्रलाई सम्झनु पर्दछ ।

त) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभालाई सम्झनु पर्दछ ।

थ) "बाल कल्याण कोष" भन्नाले वालअधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि थुलुङ दुधकोशी गाउँपालिकामा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ ।

द) "प्रमाणपत्र" भन्नाले वडा कार्यालय, थुलुङ दुधकोशी गाउँपालिकाको कार्यालयमा सूचिकृत भएका बालक्लवहरुलाई दिइने सूचिकृत प्रमाणपत्र सम्झनु पर्छ ।

ध) “बालभेला” भन्नाले बार्षिकरुपमा वालक्लव सञ्जालले नयाँ समिति चयन गर्न र वार्षिक कार्ययोजना निर्माण गर्नसबै वालक्लबका प्रतिनिधिहरुको सहभागितामा भएको बडास्तरको भेलालाई सम्झनु पर्दछ ।

न) "गाउँपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकालाई सम्झनु पर्छ ।

ऩ) "प्रमुख" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको प्रमुख सम्झनु पर्छ ।

प) "उपप्रमुख भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

फ) "बडा भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको वडा पर्छ ।

ब) "बडाध्यक्ष" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

भ) “सभा” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

म) "कार्यपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

क) सबै प्रकारका वालबालिकाको अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न ।

ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्न ।

ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्न ।

ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक आदि) व्यवस्थापन गर्न

च) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरुवीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्न ।

## परिच्छेद- २

## बालमैत्री शासन समिति, बालबालिकाको स्थापना र संचालन

### ४. बालमैत्री स्थानीय शासन समिति गठन, काम कर्तव्य र अधिकार

बाल बचावट, संरक्षण, विकास र सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना पद्धति र कार्यप्रकृयामा मुलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले दिएको अधिकारका आधारमा एक बालमैत्री

स्थानीय शासन समिति गठन हुनेछ, जसमा निम्नानुसारका सदस्यहरु रहनेछन् ।

१) अध्यक्ष वडा समिति -अध्यक्ष

२) उपाध्यक्ष बडा समितिका महिला सदस्यहरुमध्ये (१ जना) -उपाध्यक्ष

३) स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

४) विद्यालयका प्रधानाध्यापकहरुमध्ये प्रतिनिधि (१ जना) सदस्य

५) महिला तथा वालवालिका इकाई प्रमुख / प्रतिनिधि (१ जना) -सदस्य

६) गैसस प्रतिनिधि (महिला र बालवालिकाको क्षेत्रमा कार्यरत) १ जना -सदस्य

७) स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट बढाने मनोनयन गरेको प्रतिनिधि (१ जना) - सदस्य

८) वडामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयसेविका मध्येवाट वडाले मनोनयन गरेको प्रतिनिधि (१ जना) — सदस्य

९) वडास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य

१०) बडा बालसंरक्षण समितिको संयोजक (१ जना) -सदस्य

११) वडामा बालवालिका डेक्स हेर्ने व्यक्ति -सदस्य

१२) बडा सचिव, बडा कार्यालय -सदस्य -सचिव

## ५. बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकारः

१) वडाको बालबालिका सम्बन्धि नीतिगत निर्णयहरु गर्ने ।

२) वडाका बालवालिका सम्बन्धि योजनाहरुको अन्तिम निर्णय गर्ने ।

३) वडामा कार्यरत निकायहरुलाई बालवालिका सम्बन्धी कार्यमा समन्वय गर्ने ।

४) बडाका भएका बालबालिका सम्बन्धि कार्यहरुको समय अनुगमन गर्ने ।

५) वडाकालाई वालमैत्री बनाउन बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ले तोकेको अनुसुची ४ मा उल्लेख भए अनुसारको सूचकहरु पुरा भए नभएको अनुगमन गरी बालमैत्री बडाकोरुपमा घोषणाको लागि स्विकृत गर्ने सबै जिल्लास्थित निकायसंग समन्वय गर्ने ।

६) वालमैत्री स्थानीय शासन समितिको बैठक वर्षमा कम्तिमा ३ पटक बस्नेछ । बैठकको कार्यविधि समिति आफैले तय गरे अनुसार हुनेछ ।

७) वार्षिकरुपमा वडास्तरमा बालभेला सञ्चालन निर्देशिका बमोजिम बालभेला आयोजना गर्ने

८) बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ बमोजिम कामकारवाही गर्ने ।

## ६. बालबालिका डेक्सको स्थापना :

१) वडा कार्यालयमा बालवालिका डेक्स स्थापना गरिने छ । बालवालिका डेक्स सञ्चालन गर्नको लागि कम्तिमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ ।

२) बालबालिका डेक्सको काम, कर्तव्य र सन्चालन देहाय बमोजिम हुनेछः

क) सबै प्रकारका बालबालिकाको तथ्याङ्क र सूचनाको अध्यावधिक गर्ने ।

ख) 'स्पष्टीकरण सबै प्रकारका वालवालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउंछ ।

ग) वालक्लब तथा बालक्लब सन्जालहरूको सूचीकृत गर्ने

घ) बालबालिका, गाउँपालिका र सरोकारवालाहरुवीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

ङ) बाल संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, वालक्लब सञ्जालहरुबीच समन्वय सहकार्य गर्ने ।

च) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासगँ सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र कियाकलापहरुमा सहजीकरण गर्ने ।

छ) बालक्लब, बालक्लब सञ्जाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।

ज) वडाका विनियोजित कार्यक्रमहरु सन्चालन गर्ने ।

झ) वडाले तोकेको बालवालिका सम्बन्धी अन्य कार्य गर्ने ।

**६. वडा बाल संरक्षण समितिको गठन, काम, कर्तव्य र अधिकारः**

**१) वडामा देहायबमोजिमको वडा बालसंरक्षण समिति गठन गरिनेछ ।**

क) वडा अध्यक्ष -संयोजक

ख) वडाका महिला सदस्यहरुमध्ये १ जना सदस्य -उप संयोजक

ग) संरक्षक शिक्षकहरुमध्येबाट १ जना -सदस्य

घ) महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट १ जना -सदस्य

ङ) सम्बंधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरुमध्येबाट १ जना -सदस्य

च) विद्यालय व्यवस्थापन समितिबाट १ जना -सदस्य

छ) वडामा बालक्लब सन्जालबाट कम्तिमा १ बालिका सहित २ जना -सदस्य

ज) आदीवासी जनजाती, दलित तथा एक पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरि कम्तिमा १ जना --सदस्य

झ) वडा अपाङ्ग समितिमा प्रतिनिधी सदस्य १ जना -सदस्य

ञ) सुरक्षा समितिको सदस्य १ जना -सदस्य

ट) वडा बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति -सदस्य -सचिव

**(२) वडा बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः**

क) बालमैत्री स्थानीय शासन समिति र पालिकास्तरीय बालसंरक्षण समितिले गरेको नीति, कार्यक्रमलाई

कार्यान्वयन गर्ने।

ख) गाउँपालिकास्तरीय बालमैत्री स्थानीय शासन समितिको सिफारिसमा वडालाई बालमैत्री घोषणा गर्ने ।

ग) वडामा बालविवाह, दाइजो प्रथा, बालश्रम शोषण, बहुविवाह, लैगिकं हिंसा, छुवाछुत, हलिया, मानव बेचविखन हानिकारक अभ्यासहरु अन्त्य गर्ने ।

घ) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने रामा पेश गर्ने।

ङ) वडामा बालवालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बालक्लब, मञ्च, समूह, निगरानी समिति, मेलमिलापकेन्द्र, आपत्कालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको सर्द्धनात्मक र सरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

च) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

छ) बालअधिकारको संरक्षण र सम्बर्दनका निमित्त भेतना अभिवृद्धि जागरण सिर्जना गर्ने ।

ज) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने ।

झ) बालवालिकालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने।

ञ) बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउनेएवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

ट) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दीगो विकासका लागि श्रोत आर्थिक, भौतिक तथा मानवीय व्यवस्था मिलाउने ।

ठ) बाल संरक्षणका विषयमा वकालत गर्ने र गाउँपालिकालाई बालअधिकार प्रवर्द्धनमा प्रभावकारी योजना निर्माणमा मद्दत गर्ने ।

ड) बालक्लब वडा बालक्लब सञ्जाल, सरोकारवालाहरू र गाउँपालिकाबीच समन्वय र सम्पर्क गर्ने ।

ढ) वडामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति गाउँपालिकामा पेश गर्ने ।

ण) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्वन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

त) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कानका आवश्यकता परिपूर्ति सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति आय आर्जन, आदि) को लागि सम्बन्धित गाउँपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक या नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

थ) अनधिकृत व्यक्ति संख्या तथा निकायले वालपालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुशी निर्णय गर्ने वा काउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

द) बालबालिकासंग सम्बन्धित दिवसहरु पालिकास्तरीय निकायहरुसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

ध) विद्यालय स्तरमा बालसंरक्षण समितिहरु गठन गर्ने तथा नियमन, अनुगमन गर्ने।

न) बालक्लबहरुको तथ्याक संलकन, अध्यावधि, सहजीकरण गर्ने साथै सूचीकृतको लागि पालिकास्तरमा सिफारिस गर्ने ।

**<u>2. समितिको बैठकसम्बन्धी कार्यविधिः</u>**

क) समितिको बैठक २ महिनामा कम्तीमा एक पटक बस्नेछ ।

ख) समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

घ) वडाभित्र आवश्यकताका आधारमा वडा बालसंरक्षण समितिलाई सहयोग गर्न समुदाय स्तरमा बढीमा ७ सदस्यीय बाल संरक्षण समितिहरु गठन गर्न सकिने छ। सो समितिको संयोजक वडा समितिले मनोनित गर्नेछ । उक्त समितिमा बालक्लब संरक्षक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता / स्वास्थ्य स्वयम सेविका, स्थानीय बालअधिकार अभियन्ता मध्येबाट रहनेछन् । यो समितिको पदावधि २ वर्षको हुनेछ यसको उत्तरदायित्व वडा समितिमा निहित रहनेछ ।

ङ) वडा बालसंरक्षण समितिको पदावधि पाँच वर्षको रहने छ।

**<u>७. बालक्लब र बालक्लब सञ्जालको गठन, काम, कर्तव्य र अधिकारः</u>**

क) प्रत्येक विद्यालयमा एक स्थायी बालक्लब रहने छ । विद्यालयका सबै विद्यार्थीहरु यसका सदस्य रहने छन् बालवालिकाको भेलाबाट बालक्लवको बढिमा १५ सदस्यीय कार्यसमितिको चयन हुनेछ जस्मा कम्तिमा ५० प्रतिशत बालिका, अपाङ्गता सहितको लैङ्गिक सामाजिक समावेशीकरणको

सुनिश्चितता गरिने छ । बालक्लवको गठन तथा अधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्र गरी, संरक्षक र प्रधान संरक्षक शिक्षक तोकि विद्यालयको सिफारिस र वडाको सिफारिस समेतको आधारमा पालिकामा सुचीकृतका लागि पठाइनेछ ।

ख) समुदायको हकमा बालबालिकाको भेलाले बढीमा २१ सदस्यीय बालक्लव गठन गरी संरक्षक तोकि एक महिना मित्र थुलुङ दुधकोशी गाउँपालिकामा सूचीकृत हुनु पर्नेछ ।

ग) बालक्लब, बालवालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, जीवन उपयोगी सीप, सम्वेगात्मक सामाजिक विकास, वातावरण, जोखिम न्युनीकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय सन्चालन र सहभागिता गर्ने छन ।

घ) बालक्लबको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लबले विभिन्न उप समितिहरु निर्माण गर्न सक्ने छ।

**ङ) बालक्लबको बैठकको आयोजना निम्नानुसार हुनेछ ।**

१) सबै सहभागिहरुका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रुपमा बैठक सन्चालन गर्नु पर्नेछ।

२) नियमित बैठक तथा छलफलका विषयहरू:

क) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ।

ख) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन ।

ग) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्यूट) उतार गरी राखु पर्नेछ ।

घ) बैठकमा सामान्यतया निम्न प्रस्तावमा छलफल हुनसक्नेछः

- अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा,
- बालक्लबको वारेमा सदस्य तथा अन्य बालवालिका र व्यक्तिहरूको धारणा,
- स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि,
- आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु ।

(च) **बालक्लब सञ्जालहरूको गठनः**

१) बाल क्लबहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एकआपसबाट

सिकाईको अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गर्न सकिनेछ ।

२) बाल क्लबको सञ्जाल बडा स्तरहुनेछन्।

३) बाल क्लब सञ्जाल गठन गर्नका लागि वडा तहमा बाल क्लबहरुका प्रतिनिधिहरूको भेलाको आयोजना गर्नु पर्नेछ ।

४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबहरूलाई भेलाको मिति भन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछः

क) भेलाको मिति, समय र स्थान,

ख) भेलामा छलफल हुने विषयहरू,

ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लवहरुको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत)

घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

ङ) भेलामा सहभागीका लागि उपलब्ध गराउन नसकिने सेवा, सुविधा र

च) अन्य आवश्यक विषयवस्तु ।

**(छ) संरक्षकको व्यवस्थासम्वन्धी जानकारी**

५) बालक्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्ने छ ।

क) आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ ।

ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ ।

ग) समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

६) बाल क्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ ।

७) सञ्जाल भेलामा सहभागी हुने बाल क्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोवास भएको हुनुपर्नेछ ।

८) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भएको हुनेछ। सञ्जालको नेतृत्वको पुनःगठन प्रत्येक वर्ष गर्नुपर्नेछ।

९) **नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन**

क) बालक्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनवाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

ख) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

ग) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन या उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरु प्रदान गरी उनीहरूको भूमिकालाई सहयोग गर्न सकिनेछ।

घ) बालबालिकाबीच हुने प्रतिस्पर्धामा वयस्कहरुको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ।

ङ) वडामा गठन भएका बाल क्लब सञ्जालहरु गठन भएको एक महिनाभित्र गाउँपालिका कार्यालयमा सूचीकृत गर्नुका लागि पठाइनेछ गर्नु पर्नेछ ।

च) सूचीकृत भएका बाल क्लब सञ्जालहरुले हरेक वर्ष अद्यावधिक गरी थुलुङ दुधकोशी गाउँपालिका कार्यालयमा नविकरणका लागि वडा कार्यालयले पठाउनु पर्नेछ । यसरी अद्यादधिक हुँदा सम्बन्धित सञ्जालले अद्यादधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको उपस्थिति, विद्यमान कार्यसमितिको नामावली संरक्षकको नाम र ठेगाना र सञ्चालकले अघिल्लो वर्ष सञ्चालन गरेका कियाकलापहरुको वार्षिक प्रगति प्रतिवेदन अनिवार्य संलग्न गर्नु पर्नेछ ।

**१०. बालक्लव तथा बालक्लव सञ्जालका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

पदाधिकारीहरुको देहायबमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

१) समूहको बैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने

२) समूहको बैठक वा साधारणसभामा प्रस्ताव र कागजात पेश गर्ने गराउने ।

३) समूहको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने ।

४) समूहको निर्णय र जिल्ला बालकल्याण समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५) समूहको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने।

६) उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने ।।

७) सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

८) अन्य संघ संस्था वा निकायहरुसँग कार्यकमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।

९) तोकिएको अन्य कार्य गर्ने ।

**ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भई कार्य गर्ने ।

२) तोकिएको अन्य काम गर्ने ।

**ग. सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम, कर्तव्य र**

**अधिकारकोप्रयोग तथा पालन गर्नु पर्नेछ**

१) १ समूहको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।

२) बाललिकाका वा बाल समूहसँग सम्बन्धित व्यक्तिको अद्यावधिक अभिलेख राख्ने ।

३) समूहको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।

४) समूहको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।

५) समूहको प्रशासकीय कार्य गर्ने ।

६) अध्यक्षको निणर्य अनुसार बैठक बोलाउने ।

७) तोकिएको अन्य कार्य गर्ने ।

**घ) सहसचिवको काम, कर्तव्य र अधिकारः**

१) सचिवको अनुपस्थितिमा सचिवको कार्यभार ।

२) तोकिएको अन्य कार्य गर्ने ।

**ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१) क्लब/समूहको आय व्यय दुरुस्त राख्ने ।

२) आर्थिक बजेट तयार गरी समूहको बैठकमा पेश गर्ने।

३) आर्थिक सहयोग जुटाउने ।

४) आर्थिक कारोबार सम्बन्धी जिम्मेवारी पूरा गर्ने ।

**च) सदस्यको काम कर्तव्य र अधिकारः**

१) बैठकमा सहभागी हुने ।

२) निर्णयको लागि आफ्नो मत पेश गर्ने।।

३) तोकिएको कार्य गर्ने ।

४) समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

## परिच्छेद -६

### ८. बालवालिकाको संरक्षण र सम्बर्द्धनका लागि बालकल्याण कोषको व्यवस्थाः

(१) थुलुङ दुधकोशी गाउँपालिकामा एक वटा बालकल्याण कोषको स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरू रहने छ

(क) स्थानीय तहबाट विनियोजन गरिएको रकम

(ख) संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम

(ग) अन्य विविध श्रोतबाट प्राप्त हुन आएको रकम ।

(३) **बालकोषको प्रयोग जोखिम अबस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्बर्द्धनका लागि निम्न शिर्षकमा खर्च गर्न सकिनेछ ।**

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(२) हराएको वा बेवारिस अवस्थामा फेला परेको,

(३) ऋणको कारणले बन्धकमा रहेको या जबरजस्ती श्रमवाट पीडित भएको,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुव्यवहारबाट पीडित

(५) दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागार या हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले वेवारीस भएको,

(७) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको,

(८) हिंसाबाट प्रभावित भएको,

(९) संरक्षकबाट बन्चित भएको,

(१०) अपङ्गता भएको

(११) सुस्तमनस्थिति भएको,

(१२) अपहरण वा शरीर बन्धकमा परेको,

(१३) सडक बालबालिका,

(१४) एच.आई.भी. एड्स संक्रमित भएको,

(१५) जन्मने वित्तिकै आमा वा बुबाबाट तिरस्कृत में संरक्षणविहीन अवस्थामा फेला परेको शिशु,

(१६) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र

(१७) समितिले तोकेको अन्य बालबालिका ।

५) दफा ३ मा उल्लेख भएबाहेकको अन्य शिर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

६) दफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष

सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ।

७) कोष सञ्चालन समितिको गठन देहाय बमोजिम सदस्यको हुनेछ ।

(क) थुलुङ दुशकोशी गाउँपालिकाको वडाअध्यक्ष संयोजक रहने ।।

(ख) वडामा बालवालिका डेक्सको सम्पर्क व्यक्ति सदस्य ।

(ग) वडा सचिव सदस्य सचिव रहने

(घ) वडा बाल संजालको प्रतिनिधि सदस्य रहने ।

**(८) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।**

(क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) वालवालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासाग समन्वय गर्ने,

(झ) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने,

(ञ) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई अन्य काम गर्ने वा गराउने ।

**(९) समितिको बैठक र निर्णय**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ग) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिव बैठकमा छलफल हुने

घ) कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

ङ) समितिको दुई तिहाई सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ

च) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरु आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

छ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

ज) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ।

झ) समितिको वैठकसम्बन्धी अन्य कार्यविधि सो समिति गरे बमोजिम हुनेछ ।

ञ) जोखिममा रहेका बालबालिकाको आकास्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक सदस्य-सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकाशा खर्च गर्ने सकनेछन् ।तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नुपर्नेछ।

**(१०) कोषको खाता सञ्चालन**

(क) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने बैंकमाखाता खोली सञ्चालन गरिनेछ ।

ख) उपदफा क बमोजिमको खाता सञ्चालनका लागि वडा सचिव र बालवालिका डेक्सको सम्पर्क व्यक्तिको संयुक्त दस्तखतबाट सचालन गरिने छ ।

**(११) रकम फ्रिज नहुने:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**(१२) कोषको लेखा र लेखा परीक्षणः**

(क) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(१३) **प्रतिवेदन पेश गर्ने:** समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र बडा कार्यालय समक्ष पेश गर्नु पर्ने छ ।

## परिच्छेद ४
## विविध

(१४) **स्रोतको व्यवस्थापनः** थुलुङ दुधकोशी गाउँपालिकाले बालअधिकार संरक्षण तथा सम्बर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ । बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि कुल पूँजिगत बजेटको कम्तिमा १५ प्रतिशत बजेट व्यवस्था गरि बालमैत्री लगानी योजना अनुसार गर्नेछ

१५) **प्रोत्साहन पुरस्कारको व्यवस्था:** बालसंरक्षण तथा सम्बर्द्धन कार्यमा उल्लेखनीय गोगदान दिन व्यक्ति, जनप्रतिनिधि, तथा संघसंस्थालाईपालिकबाट उचित प्रोत्साहन पुरस्कार प्रदानका लागि पहल गरीनेछ ।

**(१६) कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार**ः कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै

दुविधा हुन गएमा सोको व्याख्या का बाधा अड्काउ फुकाउने अधिकार समितिलाई हुनेछ।

**(१७) खारेज र बचाउः** यो कार्यविधी बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसंग बाझिन गएमा बाझिएको हद सम्म यो कार्यविधीमा लेखिएको कुराहरु अमान्य हुनेछ र नेपाल सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ ।

१८. बालबालिका सम्बन्धी कार्य संचालन गर्दा यो कार्यविधि बमोजिम हुने यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा बालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानुनमा भएको मानवधिकार संरक्षण र सम्वर्द्धन पक्रियाहरु अवलम्बन वगर्न कुनै वाधा पर्ने छैन ।

## अनुसूची १

## बालअधिकारको संरक्षण तथा सम्बर्द्धनमा वडाले सम्बोधन गर्न सक्ने क्रियाकलापहरु

| | |
|---|---|
| स्थानीय स्वास्थ्य संस्थामा खोप / औषधीको पर्याप्तता छोषको सुनिश्चितता गर्ने । | स्थानीय स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने तथा आधारभूत स्वास्थ्य सेवा, औषधी तथा खोपको सुनिश्चियता गर्ने,<br>स्वास्थ्य विमा लागू भएका क्षेत्रहरुमा सबै बालबालिकाको स्वास्थ्य बिमा पबर्द्धन गर्ने तथा न्यून आर्थिक अवस्था भएका बालबालिकाहरुको स्वास्थ्य बिमा गराउने पबर्द्धन गर्ने |
| स्वास्थ्य संस्थामा किशोर किशोरीका स्वास्थ्यका विषयहरूको प्रभावकारी सम्बोधन | • किशोर किशोरीमाई मुलतः यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी समस्या भन्न सक्ने वातावरण सिर्जना गर्ने तथा गोपनियता कायम गर्न स्वास्थ्यमीहरुलाई संवेदनशील बनाउने । |
| गर्भावस्था या प्रभुतीपछि मातृ-शिशुको स्वास्थ्य नियमित परीक्षण । | जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य केन्द्रहरुको परिचालन तथा अनुगमन गर्ने र निजयमित मातृ-शिशुको स्वास्थ्य परीक्षणका लागि सचेतना गर्न ।<br>• विभिन्न स्थानहरूमा शिविरहरु सन्चालन गर्न लगाउने ।<br>• गर्भावस्था परीक्षणको लागि निश्चित दिन तोकी गर्भवति महिलालाई पोषणयुक्त खानाको व्यवस्था गरी तालिमको व्यवस्था गर्ने, |
| स्वास्थोपचारको क्रममा हिंसाजन्य कारणको आभाष हुनु, | • कुनै पनि बालवालिकालाई स्वास्थोपचार गर्न लयाउदा गम्भीर शारीरिक चोटपटकको उपचार गर्ने क्रममा सो कुनै व्यक्तिको लापरवाही\दुव्र्यवहार , हिंसा वा जोखिममा पर्न गएको आभास भएमा स्वास्थ्यकर्मीले सोबारे नजिकको प्रहरी चौकी\बालकल्याण समिति\सम्बन्धित निकायमा जानकारी गर्ने व्यवस्था गर्ने |

## २. बालसंरक्षणसम्बन्धी प्रमुख विषय तथा कार्यहरु

| **विषयहरू** | **सम्बोधन कार्यहरु** |
|---|---|

| | |
|---|---|
| विविध कारणहरुले सडक लगायतका सार्वजानिक स्थनामा आश्रित बालबालिका । | • बालबालिका सडकमा आउने कारकतत्वहरुबारे अभिभावक तथा समुदायलाई सचेतना गर्ने ।<br>• परिवार बाट अलग हुनबे जोखिममा रहेका बालबालिकाको लागि पारिवारिक सहयोग तथा आर्थिक विकासको कार्य गर्ने ।<br>• सडकमा जीवनयापन गरिरहेका बालबालिकालाई सेवा प्रदायक संस्थासंग समन्वय गरी तत्काल उद्धार तथा व्यवस्थापन गर्ने- पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनस्थापना, पुनएकिकरण गर्ने ।<br>• सम्पक गृह तथा सामाजिकिकरण केन्द्र सञ्चालनमा सहयोग गर्ने । |
| अनाथ, असहाय का वा वेवारीस अवस्था बालबालिका । | • कुनै पनि कारणवाट अनाथ, असहाय या बेवारीस भएका बालबालिकाको पहिचान परी सूचना अद्यावधिक गर्ने ।<br>• यस्ता बालवालिकाको लागि अस्थाई आवास तथा पुनस्थापनाको व्यवस्था गर्ने।<br>• यस्ता बालवालिकाको परिवार वा आफ्न्तको खोजी गरी परिवारमा पठाउने ।<br>• परिवारमा आधारित स्याहारको व्यवस्था हुन नसकेका बालबालिकाको लागि आवासीय बालगृह वा अन्य वैकल्पिक स्याहारको व्यवस्था गर्ने ।<br>• वैकलपिक स्याहार प्रदान गर्न योग्य तथा इच्छुक व्यक्ति तथा संस्थाहरुको पहिचान तथा सुचीकरण गर्ने । |

| | |
|---|---|
| अपाङ्गता भएका बालबालिका | • अपाङ्गता भएका बालबालिका लागि आवश्यक पर्ने विशेष स्याहार, मनोविमर्श पुनर्स्थापना उपचार, छात्रवृत्ति जस्ता सेवाहरूमा सूचीकरण गर्ने।<br>• अपाङ्गता भएका बालबालिकको अपाङ्गताको विविध किसिम सहित तथ्याङ्क संकलन तथा अभिलेखिकरण गर्ने र परिचय पत्रको व्यवस्था गर्ने गराउने।<br>• सेवा उपलब्ध नभएको अवस्थामा आवश्यकता अनुसार सेवाको स्थापना, सञ्चालन, मापदण्ड निर्धारण तथा अनुगमन गर्ने तथा गैर सरकारी तथा निजी सेवा प्रदायक मार्फत त्यस्ता सेवा प्रवाह गर्ने व्मयवस्ता मिलाउने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम संचालन निर्देशिका २०६८ बमोजिमका अन्य कार्यहरु गर्ने । |

| | |
|---|---|
| बालविवाह | • बालविवाहको आर्थिक, सामाजिक तथा स्वास्थ्य एवम् व्यक्तिव विकाससम्बन्धी असर र कानूनी प्रावदान आदि बारे लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने ।<br>• बालविवाह गर्न मा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सुम्झाई-बुझाई तथा आवश्यक सहयोग सेवा उपलब्ध गराई बालविवाह नगर्ने वातावरण निर्माण गर्ने ।<br>• बालविवाहका घटनाको दर्ता र सोको महत्वबारे समुदायमा सचेतना गर्ने । |
| बालश्रम, हलियो प्रथा, कमलरी प्रथाको अन्त्य गर्ने गराउने | • बालश्रम हुने सम्भावित निजी तथा व्यावसायिक क्षेत्रको नियमित अनुगमन गर्ने ।<br>• बालश्रम उपयोग निरुत्साहित गर्ने र बालश्रम प्रयोग भएका सेवा तथा सामाग्री प्रयोग नगर्ने नगराउने ।<br>• निश्चित आधार तथा मापदण्डको आधारमा बालश्रम मुक्त बडा/ पालिका घोषणा तथा हरियो झण्डा अभियान (बालश्रममुकत यातायात क्षेत्र, रेस्टुरेन्ट, उद्योग तथा कलकारखाना, आदि) सञ्चालन गर्ने।<br>• हलिया, कमलरी, घरेलु बालश्रमिक विरुद्ध बालश्रमिक हुन सक्ने जोखिम भएका परिवार लक्षित चेतना अभिवृद्धिका साथै आय आर्जन लगायतका सेवाहरुमा पहुँच स्थापना गर्ने ।<br>• गैर कानुनी रूपमा श्रममा लगाइएका बालकालिकाको लागि कानुनी उपचार तथा काममा लगाउनेबाट क्षतिपूर्तिको सहजिकरण गर्ने |
| बालबालिका बेचबिखन अन्त्य | • बालबालिका बेचबिखन रोक्नका लागि नेपाल प्रहरी तथा संघसस्थाहरुसँगको समन्वयमा स्थानीय तहका मुख्य नाकाहरुमा चेकपोष्टहरूको व्यवस्था गर्ने ।<br>• देश भित्र तथा देश बाहिर हुने बालबालिकाको बेचविखन विरुद्ध अभिभावक तथा बालबालिका सञ्चार, माध्यम, स्थानीय समूह, वालक्लव, विद्यालय लगायत विभिन्न माध्यमाबाट सचेतना गर्ने।<br>• बेचविखनमा पारिएका बालबालिकाको उद्धार, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन, पुनस्थापना, आपतकालिन सरक्षण, परामर्श, कानुनी उपचार तथा जिनोपयोगी सीप र सहयोग लगायतका सेवा तथा सहयोग प्रदान गर्ने । |
| अनुशासनको नाममा बालबालिकालाई दिइने शारीरिक तथा मानसिक दण्डसजाय | • घर, समुदाय, बालविकास केन्द्र, विद्यालय आवासीय बालसुधार गृह, बालसुधार गृह, उपचार केन्द्र, कार्यस्थल वा अन्य स्थलमा अनुशासनको नाममा बालबालिका उपर हुने शारीरिक तथा मानसिक दण्डसजाय दिएमा हुन सक्ने सजाय तथा कानुन बारे प्रचार प्रसार गर्ने। |

| | |
|---|---|
| | • विद्यालयमा भयरहित वातावरणमा सिक्ने तथा सिकाउने अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति शिक्षक, विद्यार्थी तथा अभिभावकमा जागरण तथा सहकार्य प्रवर्द्धन गर्ने । |

| | |
|---|---|
| यौन शोषण वा दुव्र्यहार | • बालबालिकामाथि हुने यौन शोषण तथा दुर्व्यबहार र यसबाट बच्ने उपायबारे समुदायमा आधारित संघसंस्था वा समूह, बालवालिका, अभिभावक, शिक्षक, खेलकुद तथा अतिरिक्त क्रियाकलापमा पक्षिक्षक आदिलाई सचेतना अभिवृद्धि गर्ने ।<br>• शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक लगायत बालवालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौन शोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी<br>• गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्ने । |
| हेपाई (बुलिङ) | हेपाईले बालवालिकाको मानसिक तथा बौद्धिक विकासमा नकारात्मक असर पुऱ्याई उनीहरूको व्यक्तित्व विकासमा नै प्रभाव पार्ने हुनाले हेपाई हुने सम्भावित स्थलमा खासगरी विद्यालयमा विभिन कार्यहरू आवश्यक पर्दछ जस्तैः<br>• हेपाई नगर्ने र नगराउनेबारे विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>• हेपाई गर्नेलाई स्थान र घटनाको प्रकृतिको आधारमा सम्झाउने बुझाउने तथा कानूनी हुने देखिएमा सम्बन्धित अधिकारीको सहयोग लिने । |
| विपद्मा बालबालिकाहरुको संरक्षण | • सम्भावित पहिरो आउने स्थानको पहिचान गरी सोको नियन्त्रणका लागि कार्य गर्ने ।<br>• विपद् प्रभावित बालवालिकालाई तत्काल खाना, बसोवासको सुरक्षित प्रवन्ध मिलाउने ।<br>• विपद्मा परेका बालवालिकाको व्यवस्थापनका लागि आवाश्यक स्थाई सिकाई केन्द्रहरुको व्यवस्थापनका लागि समन्वय गर्ने ।<br>• विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालबालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गर्ने । |
| इन्टरनेट सुविधाको माध्यमबाट बालबालिका माथि | • इन्टरनेटको सही प्रयोग तथा यसको दुरुपयोगबाट हुनसक्ने हानीबारे शिक्षक, बालबालिका तथा बालबालिका अभिभावकलाई सचेतना गर्ने । |

| | |
|---|---|
| हुनसक्ने जोखिम न्युनीकरण | • इन्टरनेटको दुरुपयोगबाट जोखिममा परेका बालबालिकालाई मनोसामाजिक परामर्श, कानूनी उपचार लगायतका आवश्यक सहयोग गर्ने । |
| लागूपदार्थ दुव्र्यसनी तथा ओसारपसार | • लागूपदार्थ दुष्यंसनी तथा ओसारपसार विरुद्ध विद्यालय, अभिभावक र बालबालिकालाई सचेतना गर्ने ।<br>• दुर्व्यसनमा परेका बालवालिकाको पुनःस्थापनका लागि विभिन्न संघसस्था तथा निकायहरुको समन्वयमा आवश्यक दुर्व्यसन उपचारको व्यवस्था गर्ने । लागूपदार्थको ओसारपसारमा वालबालिकाको सवालतालाई नियन्यण गर्न सीमाक्षेत्रका नाकाहरूमा विशेष निगरानीको व्यवस्था गर्ने । |

**३. बालविकाससम्बन्धी प्रमुख विषय तथा कार्यहरु**

| विषयहरु | सम्बिधन कार्यहरु |
|---|---|
| समयमा पुस्तकहरुको उपलब्धता | • आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यार्थीहरुको संख्या एकीन गरी समयमै पाठ्पुस्तकको व्यवस्थापनका लागि पालिकाले सम्बन्धित निकायसँग समन्वय गर्ने ।<br>• सबै बालबालिकाले समयमै पाठ्पुस्तक पाए नपाएको अनुगमन गर्ने । |
| छात्रवृतिको अनुगमन | • विविध समूहका बालवालिकालाई प्रदान गरिने छात्रवृत्तिहरुको उचित ढंगले वितरण गरे नगरेको अनुगमन गर्ने । |

| | |
|---|---|
| अनुशासनको नाममा दण्ड सजाय दिइनु | • विद्यालयलाई दण्ड सजायमुक्त घोषणा गर्न शिक्षकहरुलाई भयरहित शिक्षण सिकाइसम्बन्धी तालिम दिई कार्यान्यवमा ल्याउने व्यवस्था मिलाउने ।<br>• विद्यालयमा दण्ड संजोगका घटना घटेमा तत्काल आवश्यक सम्बोधन तथा कारवाही गर्ने गराउने । |
| विद्यालयमा शौचालय, सरसफाइ सामग्री, खानेपानी लगायतका आधारभूत पुर्वाधार | • छात्र र छात्राको लागि छुट्टाछुटै अपाङ्गमैत्री शौचालय भए नभएको अनुगमन गर्ने र नभएमा सोको व्यवस्था गर्ने गराउने ।<br>• छात्राहरुका निम्ति स्यानेटरी प्याडको व्यवस्था गर्ने गराउने, सोको उपयोग तथा प्रयोगपश्चातको व्यवस्थापन गराउने ।<br>• खानेपानीको उचित व्यवस्थापन गर्ने गराउने । |
| बालबालिकाको शैक्षिक नियमितता | • निःशुल्क तथा अनिवार्य शिक्षा अबधारणाको सचेतीकरण गर्ने ।<br>• विपन्न परिवारका बालबालिकालाई स्टेशनरी, ड्रेस तथा छात्रवृत्ति लगायतको व्यवस्था गरी नियमित विद्यालय जानको लागि अभिप्रेरित गर्ने । |

| | |
|---|---|
| | • आवश्यकता अनुसार दिवा खाजाको व्यवस्था गर्ने गराउने । |
| शिक्षण सिकाई नियमित नहुनु | • शिक्षण नियमित भए नभएको अनुगमन गरी गराई दण्ड तथा पुरस्कारको व्यवस्था गर्ने। |
| भेदभाव तथा हेपाई | • विद्यालयहरुमा कुनै पनि दृष्टिकोणबाट विधार्थी विद्यार्थी बीच हुने वा विधार्थीमाथि हुनसक्ने कुनै पनि किसिमको भेदभाव, हेपाई, दुव्र्यव्यवहार हुन नदिन विद्यालय वालसंरक्षण नीति/ आचारसंहिता बनाई लागू गर्ने ।<br>• विद्यालयमा उजुरी पेटिका राख्नुको साथै यससम्बन्धी सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने र समयसमयमा अनुगमन गर्ने । |
| प्रारम्भिक बालविकास केन्द्रको अनुगमन | • आफ्नो कार्यक्षेत्रभित्र बालबालिकाको पहुँच हुनेगरी प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन भए नभएको अनुगमन गरी सोको व्यवस्थित तथा बालमैत्रि सञ्चालनका लागि सहजिकरण गर्ने । |
| विद्यालयमा मनोविमर्श सेवाको व्यवस्था गर्ने | • प्रत्येक विद्यालयमा मनोविमर्श सेवाको सुनिश्चितताका लागि तालिम प्राप्त मनोविमर्शकर्ताको व्यवस्था गर्ने वा विद्यालयकै शिक्षकलाई मनोविमर्श सम्बन्धी उपयुक्त तालिम दिई सो सम्बन्धी सेवा प्रदान गर्ने । |
| विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन | • विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने ।<br>• आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालयहरुमा बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने । |

## १. सहभागितासम्बन्धी प्रमुख विषय तथा कार्यहरु

| विषयहरु | सम्बोधन कार्यहरू |
|---|---|
| बालक्लवहरुको सूचीकरण तथा गठन | • आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालय तथा समुदायमा आधारित बालक्लवहरुको सूचीकरण गर्ने र आवश्यकता अनुसार गठन गर्ने ।<br>• बालसंरक्षणका सवालहरु पहिचान तथा सम्बोधनका लागि बालक्लबहरुको आवश्यक परिचालन गर्ने । |

| | |
|---|---|
| योजना तर्जुमामा बालसहभागिता | • बडास्तरीय नीति निर्माण तथा कार्यक्रम तर्जुमाको क्रममा बालबालिकासम्बन्धी विषयवस्तुका लागि वालवालिकाको उपयुक्त विचार वा सुझावलाई समावेश गर्ने ।<br>• वडाअन्तर्गत गठन हुने विभिन्न समिति, उप समितिहरुमा बालबालिकाको शैक्षिक र शारीरिक क्षमताको आधारमा सहभागी गराउने (सदस्य वा आमन्त्रित)। |
| बालसहभागिताबारे सचेतना | • परिवार, विद्यालय, समुदाय, वडा तथा लपालिकास्तरमा बालसहभागिताको महत्त्वबारे अवधारणागत स्पष्टताका लागि आवश्यक अन्तरक्रिया तथा अभिमूखिकरण गर्ने । |

## अनुसूची २
## बालमैत्री स्थानीय शासनका ३९ वटा सूचकहरु

**१. बाल बचाऊ**

क) ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने,

ख) १ वर्षभित्रका बालबालिकाले पूर्ण रुपमा खोप- बि. सि.जि, डिपिटी, हेपटाइटिस बि. हिथ पोलियो, दादुरा, मात्रा पाएको हुनुपर्ने,

ग) ३६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने

घ) गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने,

ङ) गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा में पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने,

च) गर्भवती महिलाले टिटानस विरुद्धको २ बटा खोप लगाएको हुनुपर्ने,

छ) एच आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxisपाएका हुनेछन्,

ज) गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने,

झ) सबै घरधुरिमा स्वच्छ पानीको सुविधा हुनुपर्ने,

ञ) साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनुपर्ने ( चर्पी गएपछि खाना खानु अगाडी र बालवालिकाको दिसा धोएपछि ) ।

**२. बाल संरक्षण**

क) ५ वर्ष मुनिका सबै बालवालिकाको जन्म दर्ता भएको हुनुपर्ने,

ख) बाल विवाहको संख्यामा कमी आएको हुनेछ

ग) निकुष्ट प्रकारको बालश्रम दर घटेको हुनुपर्ने,

घ) घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलू हिंसा कम गर्न पहल भएको हुनुपर्ने,

ङ) संरक्षणसम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली सक्रिय भएको हुनुपर्ने।

**३. बालविकास**

क) ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने,

ख) ५ देखि १२ वर्ष उमेर समुहका बालबालिका आधारभूत शिक्षा (१ देखि ८ कक्षा सम्म) पुरा गरेको हुनुपर्ने

ग) कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालवालिकाहरू विद्यालयमा भर्ना भएका हुनुपर्ने,

घ) विद्यालय जान नपाएका बालवालीकाहरूले अनौपचारिक शिक्षा प्राप्त गरेको हुनुपर्न,

ङ) प्रत्येक विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनेछ,

च) प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ ।

**४. बालसहभागिता**

क) स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने,

ख) स्थानीय तहले संचालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने,

ग) विद्यालय व्यवस्थापन समितिमा संस्थागत तबरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ

घ) स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व हुनेछ

ङ) गाउँपालिकाको प्रत्येक वडामा वाल समूह गठन भैं कियाशील रहेको हुनेछ

च) जिल्ला नगर तथा गाउँ तहमा बाल संजाल गठन भएको हुनुपर्ने ।

**५. संस्थागत सूचकहरुः**

क) स्थानीय तहको परिषद बैठक नियमित रुपमा संचालन भएको हुनेछ,

ख) स्थानीय तहहरुको आफ्नो लागि बालमैत्री व्यवहार आचारा संहिता तर्जुमा गरी कार्यान्वयनमा लयाएको हुनेछन,

ग) स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवद्धन समिति गठन भएको हुनेछ,

घ) स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति कियाशील रहनेछन

ङ) स्थानीय स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन समितिक्रियाशील रहनेछन्

च) स्थानीय स्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन्
,

छ) स्थानीय स्तरमा बालबालिका सक्रियता रहनेछन्,

ज) स्थानीय स्तरमा पारालिंगल कमिटि र बालअधिकार संरक्षण र सम्बर्द्धनमा क्रियाशील रहनेछन्,

झ) स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तरसम्म उनीहरुको प्रतिनिधित्व रहनेछ

ञ) बालबालिका लागि स्थानीय विकास योजना र लगानी योजनातर्जुमा भै कार्यान्वयनभएको हुनेछ,

ट) जिल्ला नगर तथा गाउँ विकास योजनामा वालवालिकासगँ सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ,

ठ) बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।